जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

जनकपुर टुडे

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक १७६ • २०८३ साल मंसिर १३ गते आइतबार (29 November, Sunday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-

सरयुग-कमला रेल जनकपुरधामबाट फर्कियो

टुडे समाचारदाता

जनकपुरधाम । भारतको अयोध्याधामबाट जनकपुरधाम शनिवार आईपुगेको सरयुग-कमला रेल अयोध्याका लागि फर्किएको छ ।

भारतीय रेलले जनाए अनुसार हाल हप्तामा एक दिन सञ्चालन हुने रेल सेवाको नियमित सञ्चालन सुरु भएको छ ।

रेलमा थ्री टायर देखि फर्स्टक्लास एसी बोगी रहेको छ ।रेलको सुबिधा सम्पन्न फर्स्ट क्लासमा यात्रा गर्ने यात्रीहरुलाई विशिष्ट सुविधा प्रदान गरिएको छ ।रेलमा बेटिंग टिकटको व्यवस्था छैन् ।कन्फर्म टिकटबाट मात्र यात्रा गर्न मिल्ने छ ।तर टिकट अनलाईनबाट काटन मिल्ने सुबिधा छ ।

रामायण सर्किटमा पर्ने तिर्थस्थलहरुलाई हवाई, रेल र सडकबाट जोडने भारतीय योजना कार्यान्वयनमा छ ।

जनकपुरधाम र अयोध्याधाम जोड्न भारतीय रेलले सुरु गरेको रेलवे सेवालाई नेपालका प्रधानमन्त्री बालेन्द्र शाहले भारतीय समकक्षी नरेन्द्र मोदीसँगै संयु क्त रुपमा उद्घाटन गरेका थिए ।

नेपालमा हाल महोत्तरी जिल्लाको भँगाहादेखि भारतको जयनगर सम्म एकमात्र रेल सेवा सञ्चालनमा रहेको छ ।

जनकपुरधाम-अयोध्याबीच सञ्चालन भएको रेलमा भित्र सेवा दिने कर्मचारीहरुको भगवा पहिरन तोकिएको छ ।उनीहरु सन्तको भेषमा यात्रुहरुलाई सेवा प्रदान गरिरहेका छन् ।

रेलवे अधिकारीहरुका अनुसार रेलमा हाल निशुल्क साकाहारी भोजन प्रदान गरिएको छ ।रेलमा सवारीगर्दा धार्मिक यात्रामा रहेको पूर्ण अनुभूती हुने गरेको यात्रुहरुले बताएका छन् ।

रेललाई जनकपुरधाममा कम्तिमा एक राती स्टे गर्नुपर्नेमा स्थानीय होटेल व्यवसायीहरुले माग गरेका छन् ।उनीहरुले रेल केहि घण्टा भित्रै फर्किने भएकाले तिर्थयात्रीहरु जानकी मन्दिरको दर्शन गर्न मात्र भ्याउने गरेको बताउँदै एक रात्री विश्रामको व्यवस्था गरिए अन्य पवित्र तिर्थस्थलहरुको समेत दर्शन गर्न मिल्ने बताएका छन् ।

रेलवे सञ्चालनले नेपाल सरकारद्वारा जनकपुरधामलाई घोषणा गरिएको 'वेडिंग डेस्टिनेशन'लाई बल पुग्नेछ । भगवान सीतारामको पावन विवाह स्थल समेत रहेको जनकपुरधाममा बिबाह गर्न हिन्दु धर्मावलम्बीहरुलाई उत्साहत थपिने बताइएको छ ।

मधेश प्रदेशमा गठबन्धनको प्रयास

एमाले र नेकपा प्राथमिकतामा, कांग्रेसको भर नपर्ने

टुडे समाचारदाता

जनकपुरधाम ।मधेश प्रदेशमा जनता समाजवादी पार्टी(जसपा)नेपाल दलका नेता सरोज कुमार यादवको नेतृत्वमा गठन भएको सरकारले विश्वासको मत लिन दलहरुको समर्थनको प्रयास थालेको छ ।

मुख्यमन्त्री सरोज कुमार यादवले विश्वासको मत लिन एमाले, नेपाली कम्युनिष्ट पार्टी(नेकपा) र नेपाली कांग्रेससित छलफल थालेका छन् ।नेकपा एमाले र नेकपाले जसपा नेपालको नेतृत्वमा सरकार बनाउन नेपाली कांग्रेस नेतृत्वको सरकारबाट अलग्गिएका थिए ।उनीहरुले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिने दिन राजिनामा दिएका थिए ।

तर संविधानको धारा १६८ को उपधारा ३ अनुसार जसपा नेपालको नेतृत्वमा सरकार गठन भएपछि एमाले र माओवादी बिच्केको छ ।एमालेले संविधानको धारा १६८ को उपधारा २ बमोजिम सरकार बनाउन जसपा नेपाललाई म्याण्डेट दिएको थियो ।

तर जसपा नेपालका नेताहरुबीच उपधारा २ अनुसार सरकार बनाउने विषयमा सहमति हुन सकेन् ।जसपाका अध्यक्ष उपेन्द्र यादव कांग्रेसको समर्थन लिएर उपधारा ३ अनुसार सरकार बनाउने पक्षमा थिए ।तर अधिकांश नेता र सांसदहरु कांग्रेसले ठूलो घात गरेको भन्दै एमाले र नेकपाको समर्थनमै सरकार बनाउन जोड दिएका थिए ।

नेपाली कांग्रेस विभाजनको असर मधेश प्रदेशमा पर्ने देखिरहेका जसपाका नेताहरुले एमाले र नेकपालाई प्राथमिकतामा राखेका थिए ।तर पार्टी भित्रको खिँचातानीले एमाले र नेकपाको समर्थन गुमाउने उच्च जोखिम छ ।

एमाले निकट स्रोतका अनुसार शीर्ष नेताहरुले जसपा नेपालको सरकारलाई नै समर्थन दिने मनस्थिति



बनाएका छन् ।एमालेको नेतृत्वमा सरकार बनाउन खोजिए कांग्रेसले बखेडा गर्ने र त्यस बाहेक आवश्यक संख्या नपुग्ने भएकोले जसपा नेपालकै नेतृत्वमा काम गर्ने मनशाय शीर्ष नेतृत्वको रहेको स्रोतले जनाएका छन् ।

तर प्रदेशका केहि नेताले जसपा नेपाललाई विश्वासको मत नदिएर आफ्नै नेतृत्वमा सरकार बनाउन संविधानको धारा १६८ को उपधारा २ मा फर्किने गृहकार्यमा लागेका छन् ।

नेपाली कांग्रेसले जसपा नेपालको सरकारमा सहभागि हुने संभावना कम देखेपछि एमालेको नेतृत्वलाई सरकार बनाउँदा सघाउने बताइरहेको छ ।कांग्रेस, एमाले र नेकपाबीच सरकार गठनको अनौपचारिक सहमति भएर प्रदेश प्रमुखलाई उपधारा २ अनुसार सरकार बनाउन समय समेत माग गरेको थियो ।तर प्रदेश प्रमुखले उपधारा २ मा फर्किन नमिल्ने भन्दै उपधारा ३ अनुसारको सरकार गठन गर्न आव्हान गरेका थिए ।

मुख्यमन्त्री यादवले विश्वासको मत लिन नसके प्रकृया धारा १६८ को उपधारा ५ तर्फ बढने छ ।उपधारा ५ मा प्रदेश सभा बिघटनको सिफारिस गर्ने अधिकार मुख्यमन्त्रीमा हुनेछ ।

'अर्लि एलेक्सन' नभएपनि प्रदेश सभाको अगामी वर्षको मंसिर भित्र निर्वाचन हुनेछ । 'अर्लि एलेक्सन' भए समय भन कम हुनेछ ।प्रदेश सभा विघटनको पक्षमा कुनै दल छैन् ।तर सरकारले विश्वासको मत प्राप्त गर्न नसक्ने स्थिति भए त्यस तर्फपनि जान सकिने संभावना छ ।

मुख्यमन्त्री यादवले भने मधेश प्रदेशमा अब सबै दलको सरकारमा सहभागिता हुने बताएका छन् ।'सबै दललाई सरकारमा सहभागि गराएर सर्वदलिय स्वरुप दिनेमा लागेको छु' उनले भने, सरकार खसाउने र बनाउने प्रकृया धेरै पटक भइसकेकोले बदनामी बढेको छ ।

कांग्रेसको नेतृत्वमा रहेको सरकारलाई हटाउन अथवा सरकार जान हतारमा आफूहरु नरहेपनि परि स्थितिवस जसपाले सरकारको नेतृत्व गर्नु परेको उनले बताए ।

स्थानीय निकायको चुनाव नजिकिएको र त्यसपछि प्रदेशको चुनाव हुने भएकोले अब मधेश प्रदेशमा सरकारको नेतृत्व खिँचातानी उपयुक्त नरहेको उनले बताए ।'सबै दल सहभागि भएर अब प्रदेशको काममा जुट्नु पर्ने भएकोछ' उनले भने, पटक पटक सरकारको नेतृत्व परिवर्तन भइरहँदा संघियता बिरोधीहरुले खेल्ने अवसर पाउने छन् ।

मधेश प्रदेशमा जसपा नेपालको २८, एमालेको २३ नेपाली कांग्रेसको २२, नेकपाको १५ र जनमत पार्टीको १२ जना सांसद छन् ।जसपालाई एमाले र नेकपा अथवा कांग्रेस र जनमतको समर्थन चाहिन्छ ।

प्रदेशमा नेताहरुले चलखेल गरेपनि सरकार सम्बन्धी निर्णय सबै दलका शीर्ष नेतृत्वबाट मात्र हुने गर्छ ।शीर्ष नेताहरुले दिने निर्देशन बमोजिम नै प्रदेशमा सरकार बन्ने र भत्किने खेल हुने गरेकोले प्रदेशका नेताहरुको भूमिका न्यून रहने गरेको छ ।

पार्टीको पहिचान र विरासत कसैले खोस्न सक्दैन् :डा.महत

देउवा पक्षले भ्रमपूर्ण गतिबिधि गरिरहेको कांग्रेसको आरोप

टुडे समाचारदाता

काठमाण्डु । नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा समूहको १५औं केन्द्रीय महाधिवेशनको प्रचार प्रसार तथा सञ्चार व्यवस्थापनका लागि मिडिया सेन्टर शुभारम्भ गरिएको छ ।

प्रचार-प्रसार समितिका संयोजक एवं समूहका प्रवक्ता डा.प्रकाशशरण महतले शनिबार मिडिया सेन्टरको उद्घाटन गरेका हुन् ।

देउवा समुहले राष्ट्रिय महाधिवेशन नै कांग्रेसको झण्डा र चुनाव चिन्ह राखेर गर्न थालेपछि कांग्रेसका नेताहरुले बिरोध गरेका छन् ।उनीहरुले देउवा पक्षले भ्रमपूर्ण गतिबिधि गरिरहेको आरोप लगाएका हुन् ।

देउवा समुहले महाधिवेशनको लागि मिडिया सेन्टर सञ्चालन गरेको दिन कांग्रेसले त्यसको बिरोध गर्दै स्थानीय चुनावमा कांग्रेसलाई एकजुट भएर लाग्न आग्रह गरेका छन् ।

मिडिया सेन्टर शुभारम्भ गर्दै नेता महतले नेपाली कांग्रेसको नाम, झन्डा र रूख चुनाव चिह्न प्रयोग गर्न कसैले रोक्न नसक्ने दाबी गरे । १४औं महाधिवेशनबाट निर्वाचित कार्यसमिति नै आधिकारिक नेपाली कांग्रेस भएको जिकिर गर्दै उनले पार्टीको पहिचान र विरासतलाई कसैले खोस्न नसक्ने बताएका हुन् ।

पार्टीभित्र देखिएको विवादका सन्दर्भमा बोल्दै महतले आफूहरू एकीकृत कांग्रेस निर्माणको पक्षमा रहेको उल्लेख गरे । सामाजिक सञ्जालको प्रभाव र विभिन्न भ्रमका कारण पार्टीबाट अलग भएका नेता तथा कार्यकर्तालाई पुनः मूलधारमा फर्किन उनले आग्रह गरेका हुन् ।

'हामी आधिकारिक कांग्रेस हौं भनेर मैदानमा निस्किएका छौं। नेपाली कांग्रेसको रूख चिह्न प्रयोग गर्न कसैले रोक्न सक्दैन,' महतले भने, 'सामाजिक सञ्जालको प्रभावमा परेर बहकिनुभएका साथीहरूलाई पनि



हामी स्वागत गर्छौं। हाम्रो उद्देश्य एकीकृत पार्टी निर्माण गर्नु हो।'

पदमा सर्वसम्मत नेतृत्व चयन गर्ने आफूहरूको चाहना रहेको पनि उनले बताए । पार्टीभित्र सहमति र एकताको वातावरण निर्माण गर्दै सकेसम्म सर्वसम्मत नेतृत्व चयन गर्न आफूहरू तयार रहेको उनको भनाइ थियो।

महतले पार्टीको सङ्गठनात्मक एकता र समावेशी सहभागिता महाधिवेशनको प्राथमिकता हुनुपर्ने बताए । नेपाली कांग्रेसको देउवा पक्षले आगामी मङ्सिर २१ देखि २४ गतेसम्म काठमाण्डुको खुलामञ्चमा १५औं महाधिवेशन आयोजना गर्ने तयारी गरेको छ । महाधिवेशनलाई व्यवस्थित र सफल बनाउन विभिन्न समिति तथा उपसमितिहरू गठन गरी तयारी अघि बढाइएको छ ।

यसअघि महाधिवेशनको मूल तयारी समितिले प्रचार-प्रसार समितिको संयोजकमा डा। महतलाई जिम्मेवारी दिएको थियो ।

तर नेपाली कांग्रेसले पूर्वसभापति शेरबहादुर देउवाको समूहलाई पार्टीको आधिकारिक प्रतीकहरूको अनधिकृत प्रयोग गरेर गतिविधिहरू सञ्चालन नगर्न आग्रह गरेको छ ।

देउवा समूहले रुख र चारतारे झण्डा प्रयोग गरेर महाधिवेशन गर्न लागेपछि कांग्रेसले केन्द्रीय कार्यसमिति बैठकबाट पार्टीको आधिकारिक प्रतीकहरूको अनधिकृत प्रयोग गरेर गतिविधिहरू सञ्चालन नगर्न आग्रह गरेको हो ।

बैठकका निर्णयहरू सार्वजनिक गर्न शनिबार आयोजित पत्रकार सम्मेलनमा महामन्त्री प्रदीप पौडेलले देउवाको समूहलाई पार्टीको आधिकारिक प्रतीकहरूको अनधिकृत प्रयोग गरेर गतिविधिहरू सञ्चालन नगर्न आग्रह गर्ने निर्णय भएको जानकारी दिए ।

कांग्रेसको नाम, लेटर प्याड, ब्यानर, चारतारे झण्डा तथा चुनाव चिह्न रुखको अनधिकृत प्रयोग गरी भेला तथा महाधिवेशनका नाममा विभिन्न गतिविधि सञ्चालन गर्दै आएको प्रति केन्द्रीय कार्यसमितिको गम्भीर ध्यानाकर्षण भएको उनले बताए ।

'यस्ता गतिविधिले पार्टीको वैधानिक पहिचान र संस्थागत मर्यादामा आँच पुऱ्याउनुका साथै आम नागरिक तथा नेपाली कांग्रेसप्रति आस्थावान सदस्य एवं शुभेच्छुकहरूमा भ्रम सिर्जना भइरहेको छ,' महामन्त्री पौडेलले भने ।

उनका अनुसार केन्द्रीय कार्यसमिति बैठकको निर्णयमा 'नेपाली कांग्रेसको नाम लेटरप्याड, झण्डा, चुनाव चिह्न तथा अन्य आधिकारिक प्रतीकहरूको अनधिकृत प्रयोग गरी कुनै पनि गतिविधि सञ्चालन नगर्न नगराउन तथा त्यस्त गतिविधिलाई पार्टीको आधिकारिक गतिविधिका रुपमा प्रस्तुत वा प्रचार प्रसार नगर्न केन्द्रीय कार्यसमिति सम्बन्धित सबैलाई आग्रह गर्दछ' भनिएको छ ।

बैठकले देउवा समूहले भ्रमपूर्ण कार्य गरिरहेको भन्दै त्यस्ता कार्यमा विश्वास नगर्न, त्यस्ता गतिविधिमा नलाग्न पार्टीका सबै सदस्य, तहगत समिति तथा शुभेच्छुक सबैमा हार्दिक अपिल गरेको छ ।

बैठकले पार्टीको आग्रहविपरित पार्टीको आधिकारिक प्रतीकहरूको अनधिकृत प्रयोग गरेर गतिविधिहरू सञ्चालन गरे कानुनी प्रक्रियामा जाने चेतावनीसमेत दिएको छ ।

'आग्रह र अपिलका बाबजुद त्यस्ता अनधिकृत गतिविधि सञ्चालन गर्ने, गराउने तथा सामाजिक सञ्जाल वा अन्य माध्यमबाट त्यस्ता गतिविधिलाई पार्टीको आधिकारिक गतिविधिका रुपमा भ्रामक ढंगले प्रस्तुत एवं प्रचार प्रसार गर्ने व्यक्ति वा समूहका विरुद्ध पार्टीको विधान तथा प्रचलित नेपाल कानुन बमोजिम आवश्यक कारबाही गर्न कानुनी प्रक्रिया अगाडि बढाउने निर्णय यो बैठक गर्दछ,' निर्णयमा लेखिएको छ ।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

सरकारलाई निरन्तरता देउ

मधेश प्रदेशमा संविधानको धारा १६८ को उपधारा ३ बमोजिम जनता समाजवादी पार्टी(जसपा)नेपाल दलका नेता सरोज कुमार यादवको नेतृत्वमा गठनभएको सरकारलाई निरन्तरता दिन आवश्यक भएको छ ।धारा १६८ को उपधारा २ बमोजिम दुई वा दुई भन्दा बढी दलले मिलेर सरकार बनाउने संभावना समाप्त भएपछि उपधारा ३ को प्रकृया अपनाइएको थियो ।उपधारा ३ अनुसार बनेको सरकारलाई विश्वासको मत दिएर साझा स्वरुप बनाउन सके चुनावको बेला बढी नै उपयुक्त हुनेछ ।सरकार मात्रै फेरिदा सबै दल आलोचित भइरहेका छन् ।उपधारा २ बमोजिम सरकार गठन गर्न एमाले र नेपाली कम्युनिष्ट पार्टी(नेकपा)ले जसपा नेपाललाई समर्थन दिएकै थियो ।नेपाली कांग्रेस दलका नेता कृष्ण प्रसाद यादवलाइ मुख्यमन्त्रीबाट हटाउन एमाले र नेकपा सरकार छाडेर समर्थन फिर्ता लिएको थियो ।सरकारबाट समर्थन एमाले र नेकपाले फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत पाउने संभावना नभएपछि राजिनामा गरेका थिए ।त्यसपछि प्रदेश प्रमुखले हप्ता दिनको समय दिएर उपधारा २ बमोजिम सरकार गठनको आव्हान गरेका थिए ।तर निर्धारित समयावधि भित्र कुनैपनि दलले सरकार बनाउने दावी गरेनन् ।समय सीमा समाप्त भएपछि प्रदेश प्रमुखले उपधारा ३ बमोजिम सरकार गठनको प्रकृया बढाउँदा जसपा नेपालले दावी गरेर सरकार बनाएको हो ।सरकारलाई एमाले र नेकपाले समर्थन गरेर बहुमत पुऱ्याउने भन्दा सबै दलले विश्वासको मत दिएर सरकारलाई सर्वदलीय स्वरुप दिनु उपयुक्त हुनेछ ।सबै दल मिलेर सरकारलाई निरन्तरता दिदै अगामी चुनाव सम्म लग्नुपर्छ ।उपधारा ३ बमोजिम बनेको सरकारले बहुमत प्राप्त गर्न नसके उपधारा ५ तर्फको प्रकृया अगाडी बढनेछ ।त्यसो हुँदा मुख्यमन्त्रीले प्रदेश सभा विघटनको सिफारिस गर्न सक्छन् ।प्रदेश सभा बिघटन भए चुनावपनि अगावै हुनेछ ।तर त्यो मधेश प्रदेशका लागि मात्र नभै संघियताका लागि नै घातक हुन सक्छ ।संघियता बिरोधीहरुले प्रदेश संरचनालाई नै हटाउनुपर्ने तर्कगर्दै आएका छन् ।उनीहरुले प्रदेशले राज्यको खर्च मात्र बढाएको छ ।उनीहरुको तर्कलाई प्रदेशमा देखिएको अस्थिर सरकारले सावित गरिरहेको छ ।समग्र विकास र ठोस नीति निर्माणका लागि प्रदेशमापनि स्थिर सरकार चाहिन्छ ।स्थिर सरकार नभए सम्म संघियता सबल हुन सक्दैन् ।मधेश प्रदेशलाई संघियताको जननी मानिन्छ ।त्यसकारणपनि मधेशमा स्थिर सरकार आवश्यक छ ।मधेश प्रदेश सबल भए देशमै संघियता संस्थागत हुनेछ ।संघियता ल्याउन मधेश प्रदेशले ठूलो बलिदानी दिएको छ ।तर मधेश प्रदेशमा समेत संघियता पक्षधर मधेशी दलहरु निकै कमजोर भएका छन् ।अब सरकार फेर्ने भन्दा यसलाई नै निरन्तरता दिन सबै दल अगाडी बढनुपर्छ ।

बालेनको भारत भ्रमण : सम्बन्ध र समृद्धिको नयाँ सम्भावना



प्रेमचन्द्र झा

नेपालका प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) को यही मंसिर ६ र ७ गते भएको भारतको राजकीय भ्रमणलाई नेपाल-भारत सम्बन्धको नयाँ अध्यायका रूपमा लिन सकिन्छ। यो भ्रमण केवल दुई देशका प्रधानमन्त्रीबीचको औपचारिक भेटघाटमा सीमित रहेन, बरु आर्थिक विकास, व्यापार, पारवहन, ऊर्जा, पर्यटन, शिक्षा, स्वास्थ्य, पूर्वाधार र जनस्तरको सम्बन्धलाई नयाँ गति दिने प्रयासका रूपमा देखा परेको छ।

नेपाल र भारतबीचको सम्बन्ध सामान्य दुई छिमेकी मुलुकबीचको सम्बन्ध मात्र होइन। यो भूगोल, इतिहास, संस्कृति, धर्म, भाषा, परम्परा, पारिवारिक सम्बन्ध र आर्थिक अन्तरनिर्भरताले जोडिएको विशेष सम्बन्ध हो। खुला सीमाका कारण दुवै देशका नागरिक एकअर्काको भूमिमा सहज रूपमा आवतजावत गर्छन्। नेपालीहरू रोजगारी, शिक्षा, उपचार र व्यापारका लागि भारत पुग्छन् भने भारतीय नागरिकहरू पर्यटन, व्यापार, तीर्थाटन र विभिन्न व्यवसायका लागि नेपाल आउँछन्।

यस्तो गहिरो सम्बन्ध भएको अवस्थामा प्रधानमन्त्री बालेन शाहको भारत भ्रमणलाई राजनीतिक चस्माले मात्र हेर्नु उचित हुँदैन। यसलाई दुवै देशका आम नागरिकको जीवनस्तरमा कस्तो परिवर्तन ल्याउन सक्छ भन्ने दृष्टिकोणबाट मूल्याङ्कन गर्नुपर्छ।

भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भएको भेटवार्ता, राष्ट्रपति द्रौपदी मुर्मूसँगको शिष्टाचार भेट, विभिन्न समझदारीपत्रमा हस्ताक्षर तथा विकास आयोजनासम्बन्धी सहमतिले भविष्यमा सकारात्मक परिणाम दिने अपेक्षा जगाएका छन्। तर कूटनीतिक भ्रमणको वास्तविक सफलता घोषणापत्र र तस्बिरमा होइन, त्यसबाट नागरिकले पाउने प्रत्यक्ष लाभमा मापन हुनुपर्छ।

प्रधानमन्त्री बालेन शाहको भारत भ्रमणको पहिलो सकारात्मक पक्ष दुई देशबीच उच्चस्तरीय राजनीतिक संवाद र विश्वासको वातावरणलाई निरन्तरता दिनु हो। नेपालमा सरकार परिवर्तन हुँदा भारतसँगको सम्बन्ध कस्तो रहने भन्ने विषयले प्रायः चर्चा पाउने गरेको छ। कहिले सीमा विवाद, कहिले व्यापार तथा पारवहन, कहिले जलस्रोत र कहिले राजनीतिक धारणाका कारण दुई देशबीच असमझदारी देखिने गरेको छ।

यस्तो परिस्थितिमा नयाँ प्रधानमन्त्रीले भारतसँग संवादको ढोका खुला राख्नु परिपक्व कूटनीतिक कदम हो। छिमेकी परिवर्तन गर्न सकिँदैन, तर सम्बन्धलाई अझ विश्वासिलो, सम्मानजनक र परिणाममुखी बनाउन सकिन्छ।

नेपालले आफ्नो राष्ट्रिय स्वाभिमान, सार्वभौमिकता र स्वतन्त्र निर्णय गर्ने अधिकारलाई कायम राख्दै भारतसँग सहकार्य गर्नुपर्छ। त्यस्तै भारतले पनि नेपाललाई एउटा सानो छिमेकीका रूपमा होइन, समान सार्वभौमिकता भएको मित्रराष्ट्रका रूपमा सम्मान गर्नुपर्छ।

प्रधानमन्त्री बालेन शाहको भारत भ्रमणको चर्चित उपलब्धिमध्ये भारतले नेपाललाई घोषणा गरेको २४ हजार करोड नेपाली रुपैयाँ बराबरको विकास सहयोग महत्वपूर्ण छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाललाई भारतीय रुपैयाँ १५ हजार करोड अर्थात् नेपाली रुपैयाँ २४ हजार करोड बराबरको विकास सहकार्य उपलब्ध गराउने घोषणा गरेका छन्। यसमध्ये नेपाली रुपैयाँ ५ हजार ६ सय करोड विपद्पछिको पुनर्निर्माण तथा नयाँ पूर्वाधार निर्माणका लागि अनुदान र १८ हजार ४ सय करोड ऊर्जा क्षेत्रका आयोजनाका लागि ऋण सुविधा हो।

तर एउटा कुरा स्पष्ट हुनुपर्छ। २४ हजार करोड रुपैयाँ सबै अनुदान होइन। यसको ठूलो हिस्सा ऋण हो। त्यसैले सरकारले ऋणको ब्याजदर, भुक्तानी अवधि, परियोजनाको आर्थिक प्रतिफल र नेपालको दीर्घकालीन ऋणभारलाई ध्यानमा राखेर सम्झौता गर्नुपर्छ।

नेपाल भूपरिवेष्टित मुलुक भएकाले अन्तर्राष्ट्रिय व्यापारका लागि छिमेकी देशको पारवहन सुविधामा निर्भर रहनुपर्छ। नेपालको आयात-निर्यातमा भारतीय मार्ग र बन्दरगाहको महत्वपूर्ण भूमिका छ।

यस भ्रमणका क्रममा भारतले गुजरातस्थित काण्डला बन्दरगाह हुँदै नेपालको तेस्रो मुलुकसँगको व्यापारका लागि नयाँ पारवहन सुविधा उपलब्ध गराउने सहमति गरेको छ। आवश्यक पूर्वाधार तयार भएपछि ओडिसास्थित पारादीप बन्दरगाहको पहुँचसमेत उपलब्ध गराउने सहमति भएको छ।

यो नेपालको व्यापारिक भविष्यका लागि महत्वपूर्ण विषय हो। अहिलेसम्म सीमित पारवहन विकल्पमा निर्भर रहँदा अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तु पुऱ्याउन समय र खर्च दुवै बढ्ने समस्या छ। थप बन्दरगाहको पहुँचले ढुवानीको विकल्प बढाउन, प्रतिस्पर्धा सिर्जना गर्न र व्यापार लागत घटाउन सहयोग गर्न सक्छ।

यसको प्रत्यक्ष लाभ नेपाली उद्योगी, व्यवसायी, किसान, निर्यातकर्ता र उपभोक्ताले पाउन सक्छन्। विशेषगरी नेपालको कृषि उत्पादन, जडीबुटी, चिया, अलैँची, हस्तकला तथा अन्य निर्यातयोग्य वस्तुलाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन सहज वातावरण बनाउन सकिन्छ।

नेपालको पर्यटन विकासका लागि हवाई सम्पर्क अत्यन्त महत्वपूर्ण छ। भ्रमणका क्रममा काठमाडौं-भैरहवा-लखनउ हवाई मार्गलाई दुईतर्फी सञ्चालन गर्ने सहमति भएको छ। यसअघि उक्त मार्ग एकतर्फी सञ्चालनको व्यवस्थामा थियो। अब प्राविधिक परामर्शपछि भारतबाट यही मार्ग हुँदै नेपाल प्रवेश गर्ने सुविधा विस्तार गर्ने प्रक्रिया अघि बढ्नेछ।

यसबाट गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको उपयोगिता बढाउने सम्भावना छ। भैरहवा विमानस्थल प्रभावकारी रूपमा सञ्चालनमा आउँदा लुम्बिनी भ्रमण गर्न आउने भारतीय तथा तेस्रो मुलुकका पर्यटकलाई सुविधा पुग्न सक्छ। यसले होटल, यातायात, पर्यटन व्यवसाय, स्थानीय व्यापार र रोजगारीमा सकारात्मक प्रभाव पार्न सक्छ।

नेपाल र भारतबीचको सम्बन्धको सबैभन्दा बलियो पक्ष धार्मिक तथा सांस्कृतिक निकटता हो। नेपालको जनकपुरधाम माता जानकीको जन्मभूमि र भारतको अयोध्या भगवान् श्रीरामको जन्मभूमिका रूपमा विश्वभर परिचित छन्।

यी दुई धार्मिक तथा सांस्कृतिक सहरलाई जोड्ने सरयू-कमला एक्सप्रेस रेल सेवाको शुभारम्भ भ्रमणको महत्वपूर्ण उपलब्धि हो। यसले रामायण सर्किटअन्तर्गत धार्मिक पर्यटनलाई प्रोत्साहन गर्ने अपेक्षा गरिएको छ।



यसको सकारात्मक प्रभाव केवल तीर्थयात्रीको आवागमनमा सीमित रहने छैन। जनकपुरका होटल व्यवसायी, यातायात व्यवसायी, स्थानीय पसल, हस्तकला व्यवसायी तथा साना उद्यमीले आर्थिक लाभ लिन सक्छन्। अयोध्याबाट जनकपुर आउने भारतीय पर्यटकको संख्या बढ्दा मधेश प्रदेशको पर्यटन अर्थतन्त्रलाई समेत टेवा पुग्न सक्छ।

बालेन शाहको भारत भ्रमणको चर्चा गर्दा मधेश प्रदेशको सम्भावनालाई विशेष रूपमा उल्लेख गर्न आवश्यक छ। नेपाल-भारत खुला सीमासँग प्रत्यक्ष जोडिएको मधेशका आठ जिल्लाका नागरिकको दैनिक जीवन भारतीय बजार, व्यापार, शिक्षा, स्वास्थ्य, रोजगारी र पारिवारिक सम्बन्धसँग जोडिएको छ।

रौतहट, बारा, पर्सा, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरीका नागरिकका लागि भारतसँगको सहज आवागमन कुनै कूटनीतिक नाराभन्दा पनि दैनिक जीवनको आवश्यकता हो।

विशेषगरी रौतहटको गौर, राजपुर, ईशनाथ, परोहा, बौधिमाई, कटहरिया, गढीमाईलगायत सीमावर्ती क्षेत्रका नागरिकले भारतको बिहार राज्यका बजारसँग व्यापारिक सम्बन्ध राख्दै आएका छन्। भारतको बैरगनिया, सीतामढी, मोतिहारी, रक्सौल, मुजफ्फरपुर र पटना जस्ता सहरसँग मधेशका नागरिकको आर्थिक तथा सामाजिक सम्बन्ध छ।

त्यसैले दुई देशबीचको सम्बन्ध सुधार हुँदा यसको प्रत्यक्ष लाभ सीमावर्ती नागरिकले पाउनुपर्छ। सीमामा अनावश्यक झन्झट कम हुनुपर्छ। व्यापारिक सामानको ओसारपसार व्यवस्थित र पारदर्शी हुनुपर्छ। साना व्यापारी, किसान र सर्वसाधारणलाई सहज आवागमनको वातावरण बनाउनुपर्छ।

नेपाल जलस्रोतमा धनी देश हो। यहाँ उत्पादन हुने जलविद्युत् नेपालका लागि आर्थिक समृद्धिको महत्वपूर्ण आधार बन्न सक्छ। भारतसँगको ऊर्जा सहकार्यले नेपालको जलविद्युत् उत्पादन, प्रसारण र निर्यातको सम्भावनालाई विस्तार गर्न सक्छ।

भ्रमणका क्रममा ६६९ मेगावाट क्षमताको तल्लो अरुण जलविद्युत् आयोजनाको शिलान्यास गरिएको छ। त्यस्तै पञ्चेश्वर बहुउद्देश्यीय आयोजना, सप्तकोशी र सुनकोशी आयोजनाको विस्तृत परियोजना प्रतिवेदनलाई अघि बढाउने सहमति भएको छ।

यसबाट नेपालले जलविद्युत् उत्पादन बढाउन, भारतीय बजारमा विद्युत् निर्यात गर्न र विदेशी मुद्रा आर्जन गर्न सक्छ। तर जलविद्युत् आयोजनामा लगानी गर्दा नेपालको हितलाई केन्द्रमा राख्नुपर्छ। पानीको उपयोग, विद्युत् उत्पादन, मूल्य निर्धारण, वातावरणीय प्रभाव, स्थानीय बासिन्दाको पुनर्वास र लाभको बाँडफाँटमा पारदर्शिता हुनुपर्छ।

भ्रमणका क्रममा भएका शिक्षा, स्वास्थ्य, अनुसन्धान, सुरक्षा र प्रशासनिक क्षमता अभिवृद्धिसम्बन्धी समझदारी पनि महत्वपूर्ण छन्। नेपालमा भारतीय प्रविधि संस्थान (आई आई टी) को अफसोर क्याम्पस स्थापना गर्ने सहमति भविष्यका विद्यार्थीका लागि महत्वपूर्ण अवसर हुन सक्छ।

त्यस्तै नेपाल प्रहरीको अपराध अनुसन्धान विभाग र भारतको राष्ट्रिय फरेन्सिक विज्ञान विश्वविद्यालयबीच अनुसन्धान तथा शैक्षिक सहकार्य गर्ने समझदारी भएको छ। स्वास्थ्य सेवा, औषधि, स्याटेलाइट सञ्चार, दिगो सहरी विकास, पशुपालन तथा मत्स्य विकासमा सहकार्यका समझदारी भएका छन्।

यी विषय सामान्य प्राविधिक सम्झौता जस्ता लाग्न सक्छन्, तर कार्यान्वयन भएमा आम नागरिकको जीवनमा प्रत्यक्ष प्रभाव पार्न सक्छन्। उदाहरणका लागि फरेन्सिक विज्ञानमा सहकार्यले अपराध अनुसन्धानलाई वैज्ञानिक र विश्वसनीय बनाउन मद्दत गर्न सक्छ। स्वास्थ्य क्षेत्रमा सहकार्यले उपचार पद्धति, औषधि तथा चिकित्सकीय ज्ञानको आदानप्रदानलाई सहज बनाउन सक्छ।

नेपालको ठूलो जनसंख्या कृषिमा निर्भर छ। विशेषगरी मधेश प्रदेशको अर्थतन्त्र कृषि, पशुपालन, दुग्ध व्यवसाय, माछापालन र साना उद्योगमा आधारित छ। नेपाल र भारतबीच पशुपालन तथा मत्स्य विकासमा सहकार्य गर्ने समझदारी भएको छ। त्यस्तै चितवनमा भारतको अनुदान सहयोगमा कृषि औद्योगिक पार्क स्थापना गर्ने घोषणा भएको छ।

यसलाई मधेशको कृषि विकाससँग पनि जोड्न सकिन्छ। नेपालका किसानले मल, बीउ, आधुनिक प्रविधि, सिँचाइ, बजार व्यवस्थापन र कृषि उत्पादनको उचित मूल्य नपाउने समस्या भोगिरहेका छन्। भारतसँगको सहकार्यबाट कृषि अनुसन्धान, उन्नत बीउ, पशु स्वास्थ्य सेवा, माछापालन प्रविधि र कृषि प्रशोधन उद्योगमा सहयोग लिन सकिन्छ।

रौतहट, बारा, पर्सा र सर्लाहीमा कृषि प्रशोधन उद्योग स्थापना गर्न सकिएमा स्थानीय किसानले आफ्नो उत्पादनको राम्रो मूल्य पाउन सक्छन्। धान, गहुँ, मकै, उखु, तरकारी, फलफूल, दूध र माछाको उत्पादनलाई उद्योगसँग जोड्नुपर्छ।

कुनै पनि प्रधानमन्त्रीको विदेश भ्रमणको मूल्याङ्कन गर्दा आम नागरिकको जीवनमा के परिवर्तन आउँछ भन्ने विषय सबैभन्दा महत्वपूर्ण हुन्छ। बालेन शाहको भ्रमणका सहमतिहरू कार्यान्वयन भएमा रोजगारी सिर्जना, व्यापार विस्तार, शिक्षा तथा स्वास्थ्य सेवामा सुधार, पर्यटन प्रवर्द्धन, ऊर्जा निर्यात र पूर्वाधार विकासमा सकारात्मक प्रभाव पर्न सक्छ।

भारतका आम नागरिकले पनि यसबाट लाभ लिन सक्छन्। नेपालको पर्यटन, जलविद्युत्, कृषि, व्यापार र पूर्वाधारमा भारतीय लगानीको सम्भावना बढ्न सक्छ। भारतीय पर्यटकलाई नेपाल भ्रमण सहज हुन सक्छ। भारतीय उद्योगले नेपाली बजार तथा उत्पादनसँग जोडिने अवसर पाउन सक्छन्।

तर कुनै पनि भ्रमणको मूल्याङ्कन केवल प्राप्त उपलब्धिका आधारमा मात्र हुँदैन। कुन विषय उठाइयो, कुन विषय छुट्यो र कुन विषय भविष्यका लागि बाँकी रह्यो भन्ने पक्ष पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

बालेन शाहको भारत भ्रमणले धेरै नयाँ सम्भावना खोले पनि केही पुराना र संवेदनशील विषयमा ठोस राजनीतिक समाधानको घोषणा हुन सकेन। नेपाल र भारतबीच लामो समयदेखि कायम रहेको कालापानी, लिपुलेक र लिम्पियाधुरा सीमा विवाद अझै समाधान हुन सकेको छैन। यो विषय नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डतासँग जोडिएको संवेदनशील विषय हो।

नेपाल र भारतका विज्ञ सम्मिलित प्रबुद्ध व्यक्ति समूहले दुई देशबीचको सम्बन्धलाई समयानुकूल बनाउन सुझावसहित प्रतिवेदन तयार गरेको थियो। तर उक्त प्रतिवेदनको कार्यान्वयन अझै अनिश्चित छ। दुवै देशका सरकारले प्रतिवेदनको अध्ययन गरी आवश्यक निर्णय लिनुपर्छ।

नेपाल र भारतबीच व्यापारिक सम्बन्ध विस्तार हुँदै गए पनि नेपालले भारतसँग ठूलो व्यापार घाटा व्यहोर्दै आएको छ। नेपाली वस्तुलाई भारतीय बजारमा पुऱ्याउँदा विभिन्न प्रक्रियागत, गुणस्तर परीक्षण र गैरभन्सार अवरोधका समस्या देखिने गरेका छन्। यसले नेपाली उद्योगी तथा निर्यातकर्तालाई निरुत्साहित गर्ने गरेको छ।

नेपालले भारतसँग नेपाली उत्पादनलाई भारतीय बजारमा सहज पहुँच दिलाउने विषयलाई प्राथमिकतामा राख्नुपर्छ। विशेषगरी कृषि उत्पादन, जडीबुटी, हस्तकला, जलविद्युत् र साना उद्योगका वस्तु निर्यातमा सहज व्यवस्था आवश्यक छ।

नेपाल र भारतबीचको ऐतिहासिक सम्बन्धमा गोर्खा सैनिकको योगदान विशेष छ। तर पछिल्लो समय गोर्खा सैनिक भर्तीसम्बन्धी विषयमा स्पष्टता र सहमतिको आवश्यकता कायम छ। नेपाली युवाको रोजगारी, सेवा सर्त, सामाजिक सुरक्षा र भविष्यसँग जोडिएको यो विषयलाई दुवै देशले गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्छ।

नेपाल-भारत सम्बन्धको अर्को संवेदनशील पक्ष खुला सीमा हो। सीमामा हुने अनधिकृत गतिविधि नियन्त्रण गर्नु दुवै देशको जिम्मेवारी हो। तर त्यसको नाममा सर्वसाधारण, किसान, बिरामी, विद्यार्थी र साना व्यापारीले अनावश्यक दुःख पाउनु हुँदैन।

सीमावर्ती क्षेत्रमा वर्षायाममा डुबान, नदी कटान, बाँध तथा तटबन्ध व्यवस्थापन, चोरी-तस्करी, मानव बेचबिखन र आवागमनसम्बन्धी समस्या देखिने गरेका छन्। विशेषगरी रौतहटलगायत मधेशका सीमावर्ती जिल्लामा वर्षेनी डुबान र बाढीको समस्या गम्भीर बन्ने गरेको छ।

नेपाल र भारतबीच सीमा क्षेत्रमा निर्माण भएका संरचना, नदीको बहाव, तटबन्ध तथा जलनिकाससम्बन्धी विषयमा संयुक्त प्राविधिक संयन्त्र सक्रिय हुनुपर्छ। सीमाको दुवैतर्फ बस्ने नागरिकको जीवन सुरक्षित बनाउनु सरकार हरूको पहिलो दायित्व हो।

नेपालको भौगोलिक अवस्था र अन्तर्राष्ट्रिय सम्बन्धलाई हेर्दा भारतसँगको सम्बन्ध अत्यन्त महत्वपूर्ण छ। त्यस्तै चीन, अमेरिका र अन्य मित्रराष्ट्रसँगको सम्बन्ध पनि नेपालको विकास र समृद्धिका लागि आवश्यक छ।

नेपालले कुनै पनि देशको पक्ष वा विपक्षमा उभिनेभन्दा आफ्नो राष्ट्रिय हितलाई केन्द्रमा राखेर स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्नुपर्छ। भारत नेपालको नजिकको छिमेकी र प्रमुख व्यापारिक साझेदार हो। त्यसैले भार तसँगको सम्बन्ध बिगारेर नेपालले फाइदा लिन सक्दैन। त्यस्तै मित्रताको नाममा राष्ट्रिय हित, सार्वभौमिकता र स्वाभिमानका विषयमा सम्झौता गर्नु पनि उचित हुँदैन।

बालेन सरकारले भारतसँग आर्थिक सहकार्य बढाउँदै चीनलगायत अन्य देशसँग पनि सन्तुलित सम्बन्ध कायम गर्न सक्नुपर्छ। नेपालको विदेश नीति भावनामा होइन, राष्ट्रिय आवश्यकता, आर्थिक सम्भावना र दीर्घकालीन रणनीतिमा आधारित हुनुपर्छ।

बालेन शाहको भारत भ्रमणका क्रममा भएका सहमति र समझदारीलाई सकारात्मक मान्न सकिन्छ। तर नेपाल-भारत सम्बन्धको इतिहास हेर्दा धेरै आयोजना र प्रतिबद्धता वर्षौंदेखि कार्यान्वयनको प्रतीक्षामा रहेका छन्। कहिले बजेटको अभाव, कहिले जग्गा अधिग्रहण, कहिले प्राविधिक विवाद, कहिले प्रशासनिक ढिलाइ र कहिले राजनीतिक असमझदारीका कारण आयोजना अलपत्र पर्ने गरेका छन्।

त्यसैले यसपटक सरकारले विशेष सावधानी अपनाउनुपर्छ। भ्रमणका क्रममा भएका सम्झौता कार्यान्वयनका लागि स्पष्ट समयसीमा, जिम्मेवार निकाय, बजेट र नियमित अनुगमनको व्यवस्था गर्नुपर्छ। दुई देशबीच भएका सहमति कार्यान्वयनको प्रगति सार्वजनिक गर्नुपर्छ।

दुई देशका नागरिकबीच सद्भाव, विश्वास र आत्मीयता बढाउन सांस्कृतिक कार्यक्रम, विद्यार्थी आदानप्रदान, खेलकुद प्रतियोगिता, व्यापारिक सम्मेलन र पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्नुपर्छ। यसले धार्मिक पर्यटनसँगै आर्थिक तथा सांस्कृतिक सम्बन्धलाई पनि बलियो बनाउनेछ।

विशेषगरी युवापुस्तालाई रोजगारी र उद्यमशीलतासँग जोड्ने कार्यक्रम सञ्चालन गर्नुपर्छ। नेपालका युवाले आफ्नै देशमा रोजगारी पाउने वातावरण निर्माण गर्नु सरकारको प्राथमिकता हुनुपर्छ। भारतसँगको सहकार्यले नेपालमा उद्योग स्थापना, कृषि प्रशोधन, सूचना प्रविधि, पर्यटन र ऊर्जा क्षेत्रमा लगानी बढाउन सकेमा विदेश पलायनको समस्या कम गर्न पनि सहयोग पुग्न सक्छ।

प्रधानमन्त्री बालेन शाहको भारत भ्रमणलाई समग्रमा सकारात्मक, सम्भावनायुक्त र भविष्यका लागि महत्वपूर्ण कूटनीतिक प्रयासका रूपमा लिन सकिन्छ। विकास सहयोग, बन्दरगाहको पहुँच, हवाई मार्ग, जनकपुर-अयोध्या रेल सेवा, ऊर्जा विकास, पेट्रोलियम पाइपलाइन, कृषि, शिक्षा, स्वास्थ्य, प्रहरी तालिम र प्रशासनिक सहकार्यका विषयले दुई देशबीचको सम्बन्धलाई नयाँ आयाम दिन सक्ने आधार तयार गरेका छन्।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : राज्यको तर्फबाट महत्वपूर्ण जिम्मेवारी प्राप्त हुनेछ ।
वृष : धनलक्ष्मी योग परेको छ ।
मिथुन : परिवारसंगको सम्बन्ध सुमधुर बन्ने योग छ ।
कर्कट : साथीबाट असहयोग हुनसक्ने जोखिम छ ।
सिंह : आज सोचेका काम बन्ने छन् ।
कन्या : अचानक स्वास्थ्यमा समस्या हुनेछ । शिक्षामा ढिलासुस्ती हुनेछ ।
तुला : शिक्षामा प्रगति हुनेछ । समयको सदुपयोग गर्नु उचित हुन्छ ।
वृश्चिक : विपक्षी बलियो भएकाले व्यवहार गर्दा सचेत बन्नुपर्ने देखिन्छ ।
धनु : व्यापारमा लगानी गरेको भए फाइदा होला ।
मकर : राजनीतिक र सामाजिक क्षेत्रमा चासो बढ्नेछ ।
कुम्भ: तपाईको स्वास्थ्यमा सुधार हुनेछ । व्यापारमा फाइदा हुनेछ ।
मीन: सञ्चित धन खर्च हुनेछ । परिवारभित्र विवाद नगर्नु उचित हुन्छ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

बारुणा यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९, ४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

नेपाल रेल्वेको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

बालबालिकालाई गुणस्तरीय शिक्षाको पहुँचमा ल्याउन मन्त्री तामाङको आग्रह



हेटौँडा । बागमती प्रदेशका स्वास्थ्य तथा सामाजिक विकासमन्त्री गिरबहादुर तामाङले शिक्षा क्षेत्रमा बजेट कार्यान्वयन गर्नु मात्र लक्ष्य नभई गुणस्तरीय शिक्षा प्रदान गर्नु मुख्य उद्देश्य हुनुपर्ने बताउनुभएको छ ।

शिक्षा विकास निर्देशनालय, हेटौँडाद्वारा शुक्रबार आयोजित 'न्यून साक्षरता भएका स्थानीय तहमा शैक्षिक गुणस्तर सुधार कार्यक्रम'को अभिमुखीकरण कार्यक्रममा उहाँले अति विपन्न, पिछडिएका, सीमान्तकृत तथा लोपोन्मुख समुदायका बालबालिकालाई गुणस्तरीय शिक्षाको पहुँचमा ल्याउन विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

"बजेटको कार्यक्रममा काम गर्नु मात्रै हाम्रो लक्ष्य होइन, गुणस्तरीय शिक्षा प्रदान गर्नु हाम्रो लक्ष्य हो", मन्त्री तामाङले भन्नुभयो, "कार्यक्रम सम्पन्न भयो भन्नेमा मात्रै सीमित भयौं भने अपेक्षित परिणाम आउँदैन ।"

उहाँले नेपालको भूगोल, स्रोत, जनजीवन र आवश्यकताअनुसार मौलिक तथा व्यवहारिक शिक्षा प्रणाली विकास गर्नुपर्नेमा जोड दिनुभयो । सूचना प्रविधिको विकाससँगै शिक्षा प्रणालीलाई पनि समयानुकूल, प्रविधिमैत्री र परिणाममुखी बनाउन आवश्यक रहेको उहाँको भनाइ थियो ।

स्थानीय तह नागरिकसँग प्रत्यक्ष रूपमा जोडिएको सरकार भएकाले शिक्षाको गुणस्तर सुधारमा स्थानीय तहको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै मन्त्री तामाङले आधारभूत तहदेखि नै प्रभावकारी शिक्षा प्रदान गर्न सके मुलुकको दीर्घकालीन विकासमा सकारात्मक प्रभाव पर्ने बताउनुभयो ।

शिक्षा विकास निर्देशनालयका निर्देशक गोपालप्रसाद कडेलको अध्यक्षतामा भएको कार्यक्रममा न्यून साक्षरता भएका स्थानीय तहमा सञ्चालन हुने शैक्षिक गुणस्तर सुधार कार्यक्रमको कार्यान्वयन, चुनौती तथा आगामी कार्यदिशाका विषयमा छलफल गरिएको थियो । रासस

स्थानीय तहको निर्वाचनमा सम्पूर्ण पार्टी एकजुट हुनुपर्छ : महामन्त्री पौडेल



काठमाण्डू । नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले पार्टी एकजुट भएर आगामी स्थानीय तहको निर्वाचनको तयारीमा लाग्नुपर्ने बताउनुभएको छ ।

नेपाली कांग्रेस काठमाडौं क्षेत्र नं ६ ले आज यहाँ आयोजना गरेको 'पदस्थापन, बधाई तथा शुभकामना' कार्यक्रममा उहाँले लोकतन्त्रको स्थायित्व र विकासका लागि कांग्रेस एकताबद्ध हुन आवश्यक रहेको बताउनुभएको हो ।

महामन्त्री पौडेलले पार्टीको वडा र क्षेत्रको निर्वाचन सम्पन्न भइसकेको र जिल्ला तथा प्रदेश अधिवेशन पनि छिट्टै हुने उल्लेख गर्नुभयो । उहाँले पार्टीको १५औं महाधिवेशनमा विभिन्न निकायमा पराजय भएका उम्मेदवारलाई आगामी दिनमा निर्वाचित हुनेगरी काम गर्न आग्रह गर्नुभयो ।

महामन्त्री पौडेलले भन्नुभयो "जित्नेले हार्नेलाई सँगै लिएर अगाडि बढ्नुपर्छ, जनताको मुद्दामा कांग्रेस सँधै अगाडि लाग्नुपछ । "

उहाँले कांग्रेस नेपाली राजनीतिकको विश्वविद्यालय र बलिदान तथा समर्पणको इतिहास बोकेको पार्टी भएकाले शासन गर्न नभई सेवा गर्न बनेको पार्टी भएको महामन्त्री पौडेलको भनाइ छ ।

बहुदलीय लोकतान्त्रिक संसदीय व्यवस्थाको जग नेपाली कांग्रेसको विचारले बसालेको र आज हिजोका आलोचक तथा फरक धारका शक्तिले समेत सोही व्यवस्थालाई स्वीकार गरेको महामन्त्री पौडेलको भनाइ छ ।

उहाँले पार्टीका स्थानीय तहका नेता तथा कार्यकर्तालाई नागरिकलाई चित्त बुझ्ने गरी काम गर्न, सार्वजनिक जग्गाको संरक्षण गर्न, सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या बढाउन र न्यायको पक्षमा लड्न आग्रह गर्नुभयो ।

कांग्रेस काठमाडौं क्षेत्र नं ६ का सभापति ख्यामराज तिवारीले पार्टीका सबै तहका संरचना अब स्थानीय तहको निर्वाचनमा केन्द्रीत हुनुपर्ने बताउनुभयो ।

उहाँले जनता र नागरिकसँग प्रत्यक्ष जोडिएर स्थानीय तहको निर्वाचनलाई लक्षित गरी सङ्गठन परिचालन गर्नुपर्ने उल्लेख गर्नुभयो । कार्यक्रममा काठमाडौं क्षेत्र नं ६ बाट पार्टीको केन्द्रीय समितिमा निर्वाचित हरिप्रभा खड्गी श्रेष्ठ, इन्जिनीयर लक्ष्मण केसी, श्यामकृष्ण खड्गी र अभिषेक आत्रेयलाई सम्मान गरियो ।

यस्तै, कांग्रेस काठमाडौं महानगरका सभापति इन्जिनियर सुशन बैद्य, तारकेश्वर नगरपालिकाका सभापति श्यामकृष्ण सापकोटा, टोखा नगरपालिकाका सभापति उत्तम अधिकारी, प्रदेशसभा 'क' र 'ख' का सभापति तथा १५ वटै वडाका सभापतिलाई सम्मान गरिएको थियो । रासस

सप्तरीमा २०१ जना एचआइभीबाट सङ्क्रमित

सप्तरी । सप्तरीमा २०१ जना एचआइभीबाट सङ्क्रमित रहेको पाइएको छ । जिल्लाको राजविराजस्थित रहेको गजेन्द्रनारायण सिंह अस्पतालको तथ्याङ्कअनुसार सङ्क्रमित मध्ये १०६ पुरूष, ८४ महिला र १० बालबालिका रहेका छन् ।

गजेन्द्रनारायण सिंह अस्पतालमा रहेको राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रमा उनीहरुले नियमित रुपमा उपचार गराइरहेका केन्द्रकी वरिष्ठ स्टाफ नर्स सुनिता यादवले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "अस्पतालमा सम्पर्कमा आएर उपचार गराउनेमध्ये सबैभन्दा बढी २० देखि ५० वर्षको उमेरका रहेका छन् । विसं २०८१ मा १८९ जना तथा २०८२ सालमा १९५ एचआइभीबाट सङ्क्रमित थिए । पछिल्लो तीन वर्ष यता प्रत्येक वर्ष एचआइभीबाट सङ्क्रमितको बढेको तथ्याङ्क छ ।"

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गत गजेन्द्रनारायण सिंह अस्पतालमा रहेको उपचार केन्द्रमा १० बालबालिकाको समेत नियमित रुपमा उपचार भइरहेको छ ।

"कतिपय सम्पर्कमा आउन नचाहेका कारण एचआइभीबाट सङ्क्रमितको सङ्ख्या बढी रहेको अनुमान गरेका छौं", उहाँले भन्नुभयो ।

एचआइभीबाट सङ्क्रमित नियमित रुपमा उपचार गर्न नआए उनीहरुको घरमै गएर पनि औषधि उपलब्ध गराउने गरिएको छ । विसं २०५२ सालदेखि एचआइभीबाट सङ्क्रमितको उपचार सेवा आरम्भ गरिएको अस्पतालले जनाएको छ । रासस

आयुर्वेद चिकित्सालयमा पञ्चकर्म र फिजियोथेरापी सेवा लिने बढ्दै

दमौली । चिसो मौसम सुरु भएसँगै बाथरोग, पक्षघात (प्यारालाइसिस) तथा हड्डी खिइने समस्याको उपचारका लागि यहाँस्थित प्रदेश आयुर्वेद चिकित्सालयमा सेवाग्राहीको सङ्ख्या बढ्न थालेको छ । चिकित्सालयले पञ्चकर्म र फिजियोथेरापीमार्फत उपचार सेवा



प्रदान गर्दै आएको छ ।

चिकित्सालयमा पञ्चकर्मअन्तर्गत पूर्वकर्मका रूपमा स्नेहन र स्वेदन, शिरोधारा तथा बस्तीकर्मलगायतका सेवा उपलब्ध छन् । त्यस्तै, विभिन्न शारीरिक समस्याबाट प्रभावित बिरामीलाई लक्षित गरी फिजियोथेरापी सेवा पनि सञ्चालनमा रहेको छ ।

चिकित्सालयका वरिष्ठ कविराज निरीक्षक शम्भु चापागाईंका अनुसार दैनिक महिला तथा पुरुष गरी करिब ४० जनाले पञ्चकर्मअन्तर्गतका सेवा लिइरहनुभएको छ। फिजियोथेरापी सेवाअन्तर्गत दैनिक २० देखि ३० जनासम्मलाई सेवा दिन सकिने क्षमता रहेको उहाँले जानकारी दिनुभयो ।

चिसो मौसममा बाथरोग, पक्षघात तथा हड्डी खिइनेजस्ता समस्या भएका बिरामी उपचारका लागि आउने गरेका छन् । नियमित उपचार तथा सेवाग्राहीको आकर्षण बढ्दै गएको पाइएको छ । उपचार सेवा लिएका बिरामीमा सुधार देखिने क्रम बढ्दै गएको र यसले आयुर्वेदिक उपचारप्रति सर्वसाधारणको विश्वाससमेत बढाएको उहाँले उल्लेख गर्नुभयो ।

चिकित्सालयले पञ्चकर्म र फिजियोथेरापी सेवालाईप्राथमिकताका साथ सञ्चालन गर्दै आएको छ । पञ्चकर्मअन्तर्गतका विभिन्न उपचार विधि र फिजियोथेरापीले शारीरिक दुखाइ, चलायमानतामा समस्या तथा विभिन्न मासपेशी र स्नायुसम्बन्धी समस्याबाट प्रभावित बिरामीलाई उपचार सेवा उपलब्ध गराउँदै आएको छ।

स्नेहनमा शरीरमा तेल वा औषधिजन्य पदार्थको प्रयोग गरी उपचार गरिन्छ भने स्वेदनमा उपयुक्त विधिबाट शरीरलाई स्वेदित गरिन्छ । शिरोधारामा निधारको भागमा निश्चित प्रक्रियाअनुसार औषधिजन्य तरल पदार्थको धारा प्रवाह गरिन्छ । त्यस्तै, बस्तीकर्म आयुर्वेदको पञ्चकर्मअन्तर्गत पर्ने उपचार विधि हो । ती सेवा बिरामीको स्वास्थ्य अवस्था र आवश्यकताका आधारमा प्रदान गरिने चापागाईंले बताउनुभयो ।

चिकित्सालयमा नश्यकर्म सेवा लिइरहेका पूर्ण विकले सेवा सुरु गरेपछि नाकसम्बन्धी समस्या कम हुँदै गएको बताउनुभयो । चिसो मौसमको सङ्क्रमणपछि नाकमा समस्या देखिएपछि आफू नश्यकर्म सेवा लिन चिकित्सालय आउन थालेको उहाँले जानकारी दिनुभयो । सेवा लिन थालेपछि समस्यामा क्रमिक सुधार हुँदै गएको उहाँको अनुभव छ ।

चिकित्सालयका तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८२/८३ मा नौ हजार ५०५ जनाले पूर्वकर्म तथा पञ्चकर्म सेवा लिएका थिए । सोही अवधिमा दुई हजार २४० जनाले फिजियोथेरापी सेवा लिएको र ९७ जनाले शिरोधारा सेवा प्राप्त गरेको जानकारी दिइएको छ । रासस

बिपी प्रतिष्ठानमा स्वास्थ्य सेवा र सुरक्षा व्यवस्थाको अनुगमन



सुनसरी । गृहमन्त्री सुधन गुरुङले धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको अनुगमन गर्नुभएको छ ।

अनुगमनका क्रममा उहाँले प्रतिष्ठानमा उपचारका लागि आउने बिरामीको सुरक्षा, उपचार सेवाको सहजता तथा हुन सक्ने बिचौलियाको प्रभावबारे चासो राख्नुभयो ।

त्यस अवसरमा गृहमन्त्री गुरुङले बिरामीको हित र स्वास्थ्य सेवा तथा सुरक्षालाई उच्च प्राथमिकता दिई कार्यसम्पादन गर्न निर्देशन दिनुभयो ।

उहाँले बिचौलियाले बिरामीलाई अन्यत्र लैजाने तथा अनावश्यक रूपमा एम्बुलेन्स प्रवेश गराउने जस्ता गतिविधि नियन्त्रण गर्न उहाँले निर्देशन दिनुभयो । त्यसअवसरमा उपकुलपति प्राडा स्मृति कार्की र निर्देशक इन्द्रकुमार लिम्बूलगायतलगायत प्रतिष्ठानका पदाधिकारीले अस्पतालबाट प्रवाह भइरहेको स्वास्थ्य सेवा, गर्न लागिएको प्रयास र अन्य भावि योजनाबारे जानकारी गराउनुभएको थियो ।

त्यसक्रममा गृहमन्त्री गुरुङले प्रतिष्ठानमा एमआरआई सेवा सञ्चालनबारे जानकारी लिनुभयो । उक्त सेवासम्बन्धी प्रक्रियामा कुनै समस्या भए जानकारी गराउन पनि निर्देशन भयो ।

यसैबीच, गृहमन्त्री गुरुङले धरान उपमहानगरपालिका-१८ स्थित नेपाल बौद्ध गुम्बाको समेत अवलोकन गर्नुभयो । उहाँ आजै इटहरीस्थित तमु ह्युल छोंज धी गुरुङ राष्ट्रिय परिषद्को १५औं राष्ट्रिय पार्षद् सभामा सहभागी हुने कार्यक्रम छ । रासस

'लाइफटाइम एचिभमेन्ट अवार्ड'बाट पौड्याल सम्मानित



काठमाण्डू । नेपाल बैंकर्स सङ्घले बैंकिङ तथा वित्तीय क्षेत्रको विकास, आधुनिकीकरण र दिगो विकासमा विशिष्ट योगदान पुऱ्याउनुभएका सङ्घका पूर्वअध्यक्ष उपेन्द्र पौड्याललाई 'लाइफटाइम एचिभमेन्ट अवार्ड' प्रदान गरेको छ।

संघको ४०औं वार्षिक साधारणसभाका अवसरमा शुक्रबार आयोजित कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले पौड्याललाई सम्मानपत्र प्रदान गर्नुभएको हो ।

संघले जारी गरेको प्रेस विज्ञप्तिअनुसार पौड्याललेनेपाल बैंकर्स सङ्घको अध्यक्ष, नबिल बैंकको अध्यक्ष, एनएमबी बैंकको प्रमुख कार्यकारी अधिकृत तथा ग्लोबल एलायन्स फर बैंकिङ अन भ्यालुज (जिएबिभी) एसिया प्यासिफिकको क्षेत्रीय प्रतिनिधिका रूपमा रहेर बैंकिङ क्षेत्रमा योगदान पुर्याउनुभएको छ ।

सन् १९८० को दशकदेखि नेपालको बैंकिङ क्षेत्रमा सुरु भएको उदारीकरण प्रक्रियासँगै पौड्यालको व्यावसायिक यात्रा अघि बढेको थियो। परम्परागत बैंकिङ अभ्यासलाई आधुनिक, प्रतिस्पर्धात्मक र प्रविधिमैत्री प्रणालीमा रूपान्तरण गर्न उहाँले अनुभव, दक्षता र नेतृत्वमार्फत महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको सङ्घले जनाएको छ ।

सम्मानपछि पौड्यालले आफ्नो चार दशक लामो बैंकिङ यात्राको उपलब्धि व्यक्तिगत नभई सहकर्मी, नियामक, ग्राहक, सेयरधनी र परिवारको सामूहिक योगदानको परिणाम भएको बताउनुभयो ।

कार्यक्रममा गभर्नर पौडेलले मौद्रिक नीति सरोकारवालासँगको संवादका आधारमा तर्जुमा गरिएको र नीतिगत स्थिरतालाई प्राथमिकता दिइएको बताउनुभयो। सेयर बजार, विदेशी विनिमय, सुधार तथा बैंकिङ सुपरिवेक्षणका क्षेत्रमा क्रमिक सुधार अघि बढाइने उहाँले जानकारी दिनुभयो ।

विदेशी मुद्रा सञ्चिति र बैंकिङ प्रणालीमा तरलता बढेको उल्लेख गर्दै गभर्नर पौडेलले आगामी वर्ष पनि वित्तीय स्थिरता कायम राख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले बैंकहरूलाई मौद्रिक नीतिअनुसार वित्तीय उत्पादन ल्याउन, कृषि तथा साना र मझौला उद्यममा लगानी विस्तार गर्न र उद्यमशीलतालाई प्रोत्साहन गर्न आग्रह गर्नुभयो ।

बैंकहरूको लगानी ठूला व्यावसायिक घरानामा मात्र केन्द्रित नभई साना व्यवसायी तथा सर्वसाधारणसम्म पुग्नुपर्नेमा जोड दिँदै उहाँले आकारमा ठूलो मात्र नभई गुणस्तर र सुशासनका दृष्टिले पनि सक्षम बैंक निर्माण गर्नुपर्ने बताउनुभयो ।

यसैबीच, सङ्घको ४०औं वार्षिक साधारणसभाले ग्लोबल आईएमई बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीलाई नयाँ अध्यक्षमा निर्विरोध निर्वाचित गरेको छ । उहाँ यसअघि सङ्घको उपाध्यक्ष हुनुहुन्थ्यो । साधारणसभाले कुमारी बैंकका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनाललाई उपाध्यक्षमा निर्वाचित गरेको छ ।

निवर्तमान अध्यक्ष तथा माछापुच्छे बैंकका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाले आफ्नो कार्यकाल सफल बनाउन सहयोग गर्ने सबै वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत तथा सरोकारवाला पक्षप्रति कृतज्ञता ज्ञापन गर्नुभयो ।

नवनिर्वाचित अध्यक्ष रेग्मीले बैंकिङ क्षेत्रप्रतिको जनविश्वास अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले कृषि तथा साना र मझौला उद्यममा लगानी विस्तार, वित्तीय स्थिरता र डिजिटल बैंकिङलाई प्राथमिकता दिँदै सबै सरोकारवालासँग संवाद र सहकार्य गरेर अघि बढ्ने बताउनुभयो । रासस

दूधको मूल्य प्रतिलिटर ८० कायम गर्न किसानको माग



कास्की । कास्कीका दूध उत्पादक किसानले दूधको मूल्य प्रतिलिटर रु ८० कायम गर्न माग गरेका छन् । दूध उत्पादनमा प्रयोग हुने दाना, चोकर, घाँस, औषधोपचार, श्रम र ढुवानी खर्च निरन्तर बढिरहेको तर त्यसअनुसार दूधको मूल्य समायोजन नहुँदा किसानको आम्दानी खुम्चिँदै गएको किसानको भनाइ छ ।

सप्तगण्डकी दुग्ध उत्पादक सहकारी संस्थाले पोखरामा पत्रकार सम्मेलन आयोजना गरी अहिले दूधको गुणस्तरका आधारमा किसानले प्रतिलिटर रु ६८ देखि रु ७१ सम्म मात्र पाउँदै आएको र यो मूल्यले किसानको उत्पादन लागत र श्रमको उचित प्रतिफल दिन नसकेको जनाएको छ ।

सहकारी संस्थाका अध्यक्ष नवराज बरालका अनुसार कास्कीमा सहकारीमार्फत दैनिक २८ हजार लिटर र निजी फार्म तथा डेरीबाट करिब ७० हजार लिटर दूध उत्पादन तथा बिक्रीवितरण हुँदै आएको छ । जिल्लामा दैनिक करिब एक लाख लिटर दूध उत्पादन हुने गरेको उहाँले बताउनुभयो ।

दूध उत्पादन किसानको जीविकोपार्जनसँग मात्रै नभई ग्रामीण अर्थतन्त्र र समग्र राष्ट्रिय अर्थतन्त्रसँग पनि जोडिएको विषय भएकाले यसलाई गम्भीरतापूर्वक लिनुपर्ने अध्यक्ष बरालको भनाइ छ । "उत्पादन लागत बढ्दै जाने तर दूधको उचित मूल्य नपाउने अवस्था रहिरहे किसान यो पेसाबाट विस्थापित हुन सक्छन् । त्यसको असर देशको समग्र दुग्ध उत्पादनमा पर्छ। भौगोलिक अवस्था, पशु आहारको उपलब्धता, श्रम, ढुवानी दूरी र पशुपालन प्रणालीलाई आधार मानेर दूधको मूल्य निर्धारण हुनुपर्छ", उहाँले भन्नुभयो ।

उपभोक्ताको हित र बजारको अवस्थालाई समेत मध्यनजर गर्दै किसानले प्राप्त गर्ने दूधको मूल्य कम्तीमा प्रतिलिटर रु ८० कायम गर्न आफूहरुले सरकारसँग माग गरिरहेको अध्यक्ष बरालले बताउनुभयो । दूधको मूल्य बढाउन मागसहित केन्द्रीय दुग्ध उत्पादक सहकारी संस्थाले सरकारसँग लामो समयदेखि माग गर्दै आए पनि माग पूरा नभएको बताइन्छ ।

किसानले दूधको मूल्य वृद्धिसँगै किसानले दूध बिक्री गरेबापतको रकम समयमै भुक्तानी गर्ने व्यवस्था मिलाउन, पशुको स्वास्थ्योपचार र खोप सेवा प्रभावकारी बनाउन, पशु आहारमा सहुलियत दिन तथा उत्पादन लागतका आधारमा अनुदान उपलब्ध गराउन सरकारसँग माग गरेका छन् । त्यस्तै, पशुमा कृत्रिम गर्भाधान सेवा निःशुल्क उपलब्ध गराउनुपर्ने उनीहरूको माग छ ।

पोखरा लेखनाथका कृषक त्रिलोचन लामिछानेले तीन वर्षदेखी दूधको मूल्य समायोजन हुन नसकेको बताउनुभयो । उहाँका अनुसार यसबीचमा दाना-चोकरको मूल्य २५ प्रतिशतभन्दा बढिसकेको छ । "दाना-चोकरको मूल्य महिनैपिच्छे रु १० देखि रु १५ सम्म बढ्छ । हामीले उत्पादन गरेको दूधको मूल्य भने तीन वर्षदेखि उस्तै छ । यही अवस्था रहिरहने हो भने यसरी किसान कसरी बाँच्ने ? पशुपालनबाट पलायन हुनुको विकल्प छैन ।" लामिछानेले भन्नुभयो ।

कास्कीको माछापुच्छ्रे गाउँपालिका-४ लाहाचोकका कृष्णप्रसाद अधिकारीले बजारमा हरेक वस्तुको मूल्य बढिरहेको भए पनि दूधको मूल्य बढ्ने आशामा किसान तीन वर्षदेखि कुरिरहेको बताउनुभयो । उपभोक्ताले बजारमा दूध किन्दा चर्को मूल्य तिर्नुपरे पनि त्यसको उचित लाभ उत्पादक किसानले पाउन नसकेको उहाँ बताउनुहुन्छ ।

"किसानले पाउने मूल्य र उपभोक्ताले तिर्ने मूल्यबीच ठूलो अन्तर छ । उपभोक्ताले महँगोमा दूध किन्नुपर्ने तर किसानले उत्पादन लागतसमेत नउठ्ने मूल्य पाउने अवस्था छ । किसानले उत्पादन गरेको दूधको मूल्य निर्धारणमा उनीहरूकै कुरा किन सुनिँदैन ?" अधिकारीको प्रश्न छ । रासस

नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको मिति २०८३।०८।०३ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०८३।०८।०९ गतेको निर्णय अनुसार लर्ड प्लाजा प्राइभेट लिमिटेडको नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि समेत सम्पूर्ण सकार्ने व्यहोर्ने गरी साविकको नाम परिवर्तन गरी लर्ड रामायणा प्राइभेट लिमिटेड (**Lord Ramayana Private Limited**) कायम गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीकालागि यो सूचना प्रकाशित गरिएकोछ ।

लर्ड रामायणा प्राइभेट लिमिटेड

(**Lord Ramayana Private Limited**)

जनकपुरधाम उपमहानगरपालिका-१४, धनुषा, मधेश प्रदेश, नेपाल

हुँकार मधेशले शुरु गरे हुलाकी यात्रा



टुडे समाचारदाता

राजविराज । हुंकार मधेशले किसान, विद्यार्थी, शिक्षक तथा शैक्षिक क्षेत्रका समस्या पहिचान गरी समाधानका लागि दबाब सिर्जना गर्ने उद्देश्यले 'हुंकार हुलाकी यात्रा' सुरु गरेको छ ।

सप्तरीको राजविराजस्थित शिव मन्दिरबाट सुरु भएको यात्राले विभिन्न स्थानमा पुगेर किसान, विद्यार्थी, शिक्षक, अभिभावक तथा शैक्षिक क्षेत्रका सरोकारवालासँग अन्तरक्रिया गरेको छ ।

यात्राको पहिलो दिन राजविराजबाट सुरु भएको टोली राजगढ गाउँपालिकाको नर्घो पुगेर किसानहरूसँग संवाद गरेको हुंकार मधेशका प्रवक्ता केशवकुमारले जानकारी दिए ।

संवादका क्रममा किसानहरूले सिँचाइ, मलखाद, बाली बिमा, कृषि उपजको उचित मूल्य निर्धारण, कृषि शिक्षा, कृषि सडक तथा विद्युत् सुविधाको अभावलगायतका समस्या उठाएका थिए । कृषि क्षेत्रमा देखिएका समस्याको समाधानका लागि राज्यले प्रभावकारी नीति र कार्यक्रम ल्याउनुपर्ने उनीहरूको माग थियो ।

त्यसपछि यात्रा तिलाठीस्थित पब्लिक माध्यमिक विद्यालय लौनियाँ पुगेको थियो । त्यहाँ सामुदायिक विद्यालयको अवस्था, पठनपाठनको गुणस्तर, विद्यार्थी तथा शिक्षकका समस्या, पाठ्यक्रम र शिक्षा नीतिबारे अन्तरक्रिया गरिएको थियो ।

अन्तरक्रियामा सामुदायिक विद्यालयमा सरसफाइको अभाव, प्रयोगात्मक शिक्षाका लागि आवश्यक सामग्री तथा सुविधाको कमी, भवन अभाव, विद्यार्थीको अनियमित उपस्थिति, शिक्षक समयमै विद्यालय नआउने र अतिरिक्त क्रियाकलापको कमी जस्ता समस्या उठेका थिए ।

विद्यालयको शैक्षिक गुणस्तर सुधारप्रति विद्यालय व्यवस्थापन समिति, अभिभावक र स्थानीय तहले समेत पर्याप्त चासो नदिएको सहभागीहरूको गुनासो थियो ।

यात्राकै क्रममा राजविराजस्थित लालिगुँरास बोर्डिङ स्कुलको समेत अवलोकन गरी सरकारी र निजी विद्यालयबीचको शैक्षिक अवस्था तथा सेवा सुविधाबारे तुलनात्मक अध्ययन गरिएको प्रवक्ता केशवकुमारले बताए ।

हुंकार मधेशले आफ्ना २३ सूत्रीय माग यसअघि नै प्रधानमन्त्रीसमक्ष बुझाइसकेको जनाएको छ । ती मागको औचित्य, कार्यान्वयनको अवस्था र नागरिकले भोगिरहेका वास्तविक समस्या पहिचान गर्ने उद्देश्यले हुलाकी यात्रा सञ्चालन गरिएको संगठनले जनाएको छ ।

यात्रामार्फत मधेशका किसान, शिक्षा क्षेत्र र आम नागरिकका समस्यालाई प्रत्यक्ष रूपमा संकलन गरी सम्बन्धित निकायको ध्यानाकर्षण गराउने हुंकार मधेशको लक्ष्य रहेको छ ।

मिटरब्याज नियन्त्रण गर्न कानून तयारी अघि बढाइयो

तीनदेखि सात वर्षसम्म कैद सजाय

टुडे समाचारदाता

जनकपुरधाम । अनुचित लेनदेन (मिटरब्याज) (नियन्त्रण तथा नियमन) विधेयक संसदमा लैजाने तयारी अघि बढाएको छ । यसका लागि गृहमन्त्रालयले विधेयकको मस्यौदा तयार पारेको छ ।

मिटरब्याजलाई नियन्त्रण र नियमन गर्न, अनुचित लेनदेन सम्बन्धी विषयलाई कसूर कायम, पीडितको अधिकारको संरक्षण र क्षतिपूर्ति उपलब्ध गराई आर्थिक कारोबारलाई व्यवस्थित गर्न आवश्यक भएको ऐन बनाउन लागिएको गृह मन्त्रालयले जनाएको छ ।

प्रस्तावित विधेयकमा अनुचित लेनदेन (मिटरब्याज) भनेको कस्तो लेनदेन हो भन्ने विषयमा छुट्टै दफा छ । यससम्बन्धी व्यवस्था दफा ४ मा छ । जसमा मिटरब्याज कारोबार गरेको मानिने १० वटा आधार प्रस्तुत गरिएको छ । मिटरब्याज कारोबार गरेको मानिने १० वटा आधार तय गरिएको छ ।

(क) लेनदेन नभएको वा नगरेको रकम दिएको भनी वा लेनदेन गरेको वास्तविक रकमभन्दा बढी रकमको लिखत गर्ने वा गराउने,

(ख) लेनदेन गदकै बखत ब्याज रकम समेत सावाँमा जोडी लिखत गर्ने वा ब्याजलाई सावाँमा जोडी नयाँ लिखत गर्ने,

(ग) प्रचलित कानुनमा तोकिएको ब्याजदरभन्दा बढी ब्याजदरमा ऋण लगानी र असुल गर्ने वा ऋणको सावाँभन्दा बढी ब्याज लिने,

(घ) लेनदेन भएको भन्दा अगाडि वा पछाडिको मिति राखी लिखत तयार गर्ने वा खाली कागजमा ल्याप्चे सही छाप गराई आफू अनुकुलको लिखत कागज गर्ने वा ऋणीलाई लिखतको प्रति नदिने,



(ङ) ऋण लेनदेनको कारोबारमा नलेखिएको (खाली) वा लिएको रकमभन्दा बढी रकम उल्लेख गरी बाध्यकारी चेक काट्न लगाउने,

(च) ऋणीले तिरे बुझाएको रकमको भरपाई नदिने, लिखत नबनाउने वा भुक्तानीको प्रमाण लुकाउने,

(छ) भ्रष्टाचार, अपराधिक लाभ लगायतबाट आर्जित रकम क्यासिनो, ढुकुटी र ठेक्कापट्टा लगायतमा परिचालना गर्ने वा गराउने,

(ज) ऋण असुलीका लागि कुनै प्रकारको शारीरिक वा मानसिक हानि हुने गरी धम्की दिने वा हिंसा वा शोषण गर्ने,

(झ) अनुचित लेनदेनको आधारमा ऋणीको चल तथा अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिने,

(ञ) एकै कारोबारको क्रममा समेत घरजग्गा पास, तमसुक, करार सम्झौता, चेक लगायतका धितो वापत एकभन्दा बढी लिखत खडा गर्ने ।

प्रस्तावित विधेयकको दफा ६ मा कसुर तथा दण्ड र सजाय सम्बन्ध व्यवस्था छ ।

दफा ६ को उपदफा १ अनुसार कसैले लेनदेन नभएको वा नगरेको रकम दिएको भनी वा दिएको वास्तविक रकमभन्दा बढी रकमको झुट्ठा लिखत तयार गर्नु वा गराउनु हुँदैन ।

यस्तो कसुर गर्ने व्यक्तिलाई तीनदेखि पाँच वर्षसम्म कैद र तीस हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था प्रस्तावित छ ।

तयस्तै, कसैले प्रचलित कानुनमा तोकिएको ब्याजदरभन्दा बढी ब्याजदरमा ऋण लगानी वा असुल गरे कसुर मानिने पनि व्यवस्था गरिँदैछ । विधेयकअनुसार ऐन बने यस्तो गर्ने व्यक्तिलाई तीनदेखि पाँच वर्षसम्म कैद र तीस हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

लेनदेन गर्दाकै बखत ब्याज रकम समेत सावाँमा जोडी लिखत गर्ने वा ब्याजलाई सावाँमा जोडी नयाँ लिखत गरे त्यो दण्डनीय हुने भनिएको छ । यस्तो कसूर गर्ने व्यक्तिलाई तीनदेखि पाँच वर्षसम्म कैद र तीस हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

खाली कागजमा ल्याप्चे वा सही छाप गराउने गर्ने सम्बन्धी कसुर गर्नेलाई पनि सजाय हुने व्यवस्था प्रस्तावित छ ।

कसैले लेनदेन भएको भन्दा अगाडि वा पछाडिको मिति राखी लिखत तयार गर्ने वा खाली कागजमा ल्याप्चे वा सही छाप गराइ आफू अनुकुलको लिखत तयार गरे तीनदेखि पाँच वर्षसम्म कैद र तीस हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

लेनदेन कारोबारमा नलेखिएको (खाली) वा लिएको रकमभन्दा बढी रकम उल्लेख गरी बाध्यकारी चेक काट्न लगाउनु नहुने पनि व्यवस्था राखिएको छ । यसो गगराउनेलाई तीनदेखि पाँच वर्षसम्म कैद र तीस हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिवाना व दुवै सजाय हुने प्रस्ताव छ ।

यस्तै, लेनदेन कारोबारको लिखतको प्रति ऋणीलाई नदिने, ऋणीले तिरे बुझाएको रकमको भरपाई नदिने, लिखत नबनाउने वा भुक्तानीको प्रमाण लुकाउने कार्य गर्नु नहुने व्यवस्था प्रस्तावित छ । यसो गरे तीनदेखि पाँच वर्षसम्म कैद र तीस हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

भ्रष्टाचार, अपराधिक लाभ लगायतबाट आर्जित रकम क्यासिनो, ढुकुटी र ठेक्कापट्टा लगायतमा परिचालन सम्बन्धी कसुर गरे दण्डनीय हुने भनिएको छ । कसैले ऋण असुलीका क्रममा कुनै प्रकारको शारीरिक वा मानसिक हानि हुने गरी धम्की दिने वा हिंसा वा शोषण गर्नु वा गराउनु हुँदैन ।

यस्तो कसूर गर्ने व्यक्तिलाई तीनदेखि सात वर्षसम्म कैद र तीस हजार रूपैयाँदेखि सत्तरी हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजायको व्यवस्थ गरिएको छ ।

रेलबाटै अयोध्या पठाइयो विवाह महोत्सवको निम्तो

टुडे समाचारदाता

जनकपुरधाम । माता सीता र भगवान श्रीरामको जन्मभूमि जोड्ने गरी शनिवारदेखि व्यवसायिक रुपमा जनकपुरधाम–अयोध्या रेल सरयू–कमला एक्सप्रेस सञ्चालनमा आएको छ ।

रेल सेवा सञ्चालनसँगै माता सीता र भगवान श्रीरामको विवाहको अवसरमा जनकपुरधाममा आयोजना हुने सप्ताहव्यापी विवाहपञ्चमी महोत्सवको निम्तो पठाइएको छ । सो निमन्त्रणा दिन जनकपुरधामबाट जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साहको नेतृत्वमा एक टोली भारतको अयोध्या प्रस्थान गरेका छन् ।

जानकी मन्दिर, जनकपुरधाम उपमहानगरपालिका, विश्व हिन्दु परिषद् तथा जनकपुरधामको नागरिक समाजका प्रतिनिधिहरू र पत्रकार सम्मिलित टोली रामजन्मभूमि अयोध्याका लागि प्रस्थान गरेको हो ।

टोलीका नेतृत्वकर्ता जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले विवाहपञ्चमी महोत्सव जनकपुरधाम र अयोध्याबिचको धार्मिक तथा सांस्कृतिक सम्बन्धलाई थप सुदृढ बनाउने अवसर भएको बताए । त्रेतायुगमा राजा जनकले सीता-राम विवाहका लागि अयोध्याका



राजा दशरथलाई निमन्त्रणा पठाएको प्रसंग स्मरण गर्दै उनले सोही परम्परालाई पुनः जीवन्त बनाउन आफूहरू अयोध्या जान लागेको बताए ।

टोलीले अयोध्याका लागि निमन्त्रणासँगै लत्ताकपडा, गरगहना, भाँडाकुँडालगायतका सामग्री समावेश गरिएको भारसमेत लगेको छ । जनकपुरधाममा प्रत्येक वर्ष साताव्यापी रूपमा मनाइने विवाहपञ्चमी महोत्सवमा सीता-राम विवाहको धार्मिक परम्परालाई जोडन जनकपुरधाम जानकी मन्दिरबाट अयोध्या जन्तीका लागि निम्तो पठाउने गरिएको छ ।

गत सोमवार प्रधानमन्त्री बालेन्द्र शाहको भारत भ्रमणका क्रममा गत सोमबार उद्घाटन गरिएको जनकपुरधाम-अयोध्या रेल नियमित भएको छ । यसअघि गत मंगलबार जनकपुरधाम आएको रेल सोही दिन अयोध्या फर्किएको थियो ।

नेपाल र भारतबिचको धार्मिक तथा सांस्कृतिक सम्बन्धलाई रेल सञ्जालमार्फत जोड्ने उद्देश्यले सुरु हुन लागेको यो सेवाले करिब ६०४ किलोमिटर दूरी १९ घण्टामा पार गर्नेछ । स्लिपरको भाडा ५८४ रुपैयाँ र एसीको अधिकतम दुई हजार १७६ रुपैयाँ भाडादर कायम भएको नेपाल रेलवे कम्पनीले जनाएको छ ।

प्रबन्ध सञ्चालक परिवेश पराजुलीका अनुसार सरयू-कमला एक्सप्रेस रेल हरेक साता शनिबार दिउँसो १ बजेर १० मिनेटमा जनकपुरधामबाट अयोध्याका लागि प्रस्थान गरेको छ । रेल आइतबार बिहान ८ बजेर १० मिनेटमा भारतीय समयअनुसार अयोध्या क्यान्ट स्टेसन पुग्नेछ । त्यस्तै, रेल प्रत्येक सोमबार साँझ ५ बजेर ५० मिनेटमा अयोध्याबाट अयोध्याका लागि छुट्नेछ । उक्त रेल मंगलबार दिउँसो १२ बजेर ४० मिनेटमा नेपाली समयअनुसार जनकपुरधाम आइपुग्नेछ ।

बिहीबारदेखि सुरु भएको टिकट बुकिङ शनिबार बिहानसम्म कायम रहने पराजुलीले बताए । तर, कति यात्रुले टिकट काटे भन्ने विवरण उनले खुलाउन चाहेनन् ।

बारको निर्वाचनका लागि उम्मेदवारको नामावली सार्वजनिक

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल बार एशोसिएशन जनकपुरधामको निर्वाचनका लागि उम्मेदवार हरूको दोस्रो नामावली सार्वजनिक गरिएको छ ।

निर्वाचन समितिले उम्मेदवारी दर्ता गराएका कानून व्यवसायीहरूमाथि निर्धारित समयभित्र कुनै दाबी विरोध नपरेपछि उम्मेदवारहरूको दोस्रो नामावली सार्वजनिक गरेका हुन् ।

निर्वाचन समितिद्वारा प्रकाशित सूचनाअनुसार अध्यक्ष पदमा ललितकुमार झा र वरिष्ठ अधिवक्ता धर्मेन्द्र शर्माबीच प्रतिस्पर्धा हुने भएको छ । त्यसैगरी उपाध्यक्ष



पदमा अधिवक्ता बालकृष्ण काकी र राकेश कुमार साहबीच प्रतिस्पर्धा हुनेछ ।

सचिव पदमा अरुणकुमार यादव र सञ्जीव झा तथा कोषाध्यक्ष पदमा रामसागर साह र सफिद राइन उम्मेदवार रहेका छन् ।

त्यस्तै, सहसचिव पदमा अञ्जली कुमारीको एकल उम्मेदवारी परेको छ । यसैगरी सदस्य पदमा पनि विभिन्न कानून व्यवसायीहरूले उम्मेदवारी दिएका छन् ।

निर्वाचन समितिले सार्वजनिक गरेको नामावलीअनुसार सदस्य पदमा अरविन्दकुमार कर्ण, उदयशंकर मण्डल, हेमन्तकुमार झा, राकेशधर महतो, दुनेश्वरप्रसाद साह, येनेन्द्रकुमार यादव, मनिषा जयसवाल, रेशमप्रसाद वास्तोला, कमलेश पजियार, महावीरकुमार साह, विवेक साह, रञ्जितकुमार साह र बलराम तिवारीको उम्मेदवारी परेको छ ।

यसैगरी अन्य सदस्य पदमा एलिना यादव, मदन साह, सतीशकुमार सिंह, वरुणकुमार साह, गंगाप्रसाद साह र अशोककुमार मिश्रको उम्मेदवार समेत सार्वजनिक गरिएको छ ।

नेपाल बार एशोसिएशन जनकपुरको केन्द्रीय पार्षदको निर्वाचन आगामी मंसिर २० गते हुने निर्वाचन समितिको सूचनामा उल्लेख छ । निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृत लोचन साह तथा निर्वाचन अधिकृत रविशेखर ठाकुर र राकेशकुमार साहद्वारा जारी सूचनामार्फत उम्मेदवारहरूको दोस्रो नामावली सार्वजनिक गरिएको हो ।

मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु

टुडे समाचारदाता

जनकपुरधाम । मोटरसाइकल अनियन्त्रित भएर विद्युत् पोलमा ठोक्किँदा धनुषामा एक जनाको मृत्यु भएको छ । जिल्लाको औरही गाउँपालिका-२ परवाहास्थित हुलाकी सडकमा शुक्रबार साँझ भएको दुर्घटनामा मोटरसाइकल चालक औरही गाउँपालिका-३ निवासी ३५ वर्षीय लालबाबु महराको मृत्यु भएको हो ।

प्रहरीका अनुसार जनकपुरधामबाट औरहीतर्फ जाँदै गरेको ज ६ प ७७९ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सडकछेउमा रहेको विद्युत् पोलमा ठोक्किएको थियो । दुर्घटनामा महराको टाउकोमा गम्भीर चोट लागेको थियो ।

घटनालगत्तै प्रहरी टोली पुगेर घाइतेलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाएको थियो । तर, अस्पताल पुऱ्याउनेबित्तिकै चिकित्सकले साँझ ५ बजेर ३४ मिनेटमा उनलाई मृत घोषणा गरेका थिए ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले मोटरसाइकल आफैँ अनियन्त्रित भएर विद्युत् पोलमा ठोक्किँदा दुर्घटना भएको जानकारी दिए ।

उनका अनुसार मृतकको शव प्रादेशिक अस्पतालमै राखिएको छ भने दुर्घटनामा परेको मोटरसाइकल इलाका प्रहरी कार्यालय औरहीको नियन्त्रणमा रहेको छ । प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

१४ लाख बढीको अवैध सामान बरामद



टुडे समाचारदाता

लहान । सिरहाको विभिन्न सीमा क्षेत्रबाट जिल्लास्थित सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टरले १४ लाख ४५ हजार ६२० रुपैयाँ बराबरका अवैध सामान बरामद गरेको छ ।

शुक्रवारदेखि सञ्चालन गरिएको विशेष चेकजाँच तथा सीमा निगरानीका क्रममा ती सामग्री नियन्त्रणमा लिइएको हो । बरामद गरिएका सामग्रीमा मोटरसाइकल, लत्ताकपडा, किराना सामान, बिँडी, पेय पदार्थ, कुर्सी, मदिरा तथा हाउस वायरिङका सामान रहेका छन् ।

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाका गणपति प्रहरी उपरीक्षक (एसपी) सुमन जङ्ग थापाका अनुसार बरामद गरिएका सम्पूर्ण सामान आवश्यक कानुनी प्रक्रिया पूरा गरी सिरहा भन्सार कार्यालयमा बुझाइएको छ ।

सीमा नाकाबाट हुने अवैध ओसारपसार, तस्करी तथा चोरी पैठारी नियन्त्रण गर्न सशस्त्र प्रहरीले नियमित गस्ती र निगरानीलाई अझ कडाइका साथ जारी राखेको गणले जनाएको छ ।

तीन दिने उद्यमशीलता विकास तालिम सम्पन्न

टुडे समाचारदाता

जनकपुरधाम । सीप अभिवृद्धि तथा स्वरोजगारका अवसर सिर्जना गर्ने उद्देश्यले सञ्चालन गरिएको तीन दिने उद्यमशीलता विकास तालिम सम्पन्न भएको छ ।

युवामा उद्यमशील सोचको विकास गर्न कर्ड नेपालको स्थानीय साझेदारीमा सञ्चालित उद्यमशाला परियोजना अन्तर्गत २०८३ मंसिर ६ देखि ८ गतेसम्म (२२-२४ नोभेम्बर २०२६) आयोजना गरिएको उक्त तालिममा सप्तरी, सिरहा, धनुषा र महोत्तरी जिल्लाका ३३ जना सहभागी भएका थिए ।



द कोका-कोला फाउन्डेसनको आर्थिक सहयोग, ऋच्ब्ब्क्ष्ल्ल्ल को नेतृत्वदायी साझेदारीमा तथा ऋब्च्क्ल्भउर्बा, धनुषाको आयोजनामा सञ्चालन भएको तालिममा सहभागीहरूलाई व्यवसायको अवधारणा विकास, व्यवसाय योजना निर्माण, बजार सम्भाव्यता अध्ययन, वित्तीय व्यवस्थापन, व्यवसाय सञ्चालन तथा विस्तारलगायतका विषयमा व्यावहारिक ज्ञान र सीप प्रदान गरिएको थियो ।

तालिमको समापनसँगै मंसिर ९ गते (२५ नोभेम्बर २०२६) आयोजित व्यवसायिक प्रस्तुतीकरण तथा पिचिङ सत्रमा ३३ मध्ये २८ जना सहभागीले आफ्ना व्यवसायिक योजना प्रस्तुत गरेका थिए । सहभागीहरूले नवीन व्यवसायिक सोच, व्यवसाय सञ्चालन प्रक्रिया र भविष्यमा व्यवसाय विस्तार गर्ने सम्भावनाबारे निर्णायक मण्डलसमक्ष प्रस्तुतीकरण गरेका थिए ।

प्रस्तुतीकरणको मूल्यांकन गर्दै निर्णायकहरूले सहभागीलाई व्यवसायलाई दिगो, प्रतिस्पर्धी र सफल बनाउन आवश्यक सुझाव तथा व्यावहारिक मार्गदर्शनसमेत दिएका थिए । पिचिङ सत्रको निर्णायक मण्डलमा घरेलु तथा साना उद्योग कार्यालय, जनकपुरधामका कार्यालय प्रमुख मिथिलेश महतो र जनकपुरधाम उपमहानगरपालिकाकोवन,वातावरण तथा पर्यटन शाखाका प्रमुख सुभाषचन्द्र शर्मा रहेका थिए ।

व्यवसायिक प्रस्तुतीकरण तथा मूल्याङ्कनका आधारमा अनुदानका लागि उत्कृष्ट तीन व्यवसायिक योजनालाई छनोट गरिएको छ ।

अनुदानका लागि प्रति टेलर, जलेश्वर, महोत्तरीका निर्मला पासवान, शुभकामना महिला कृषि तथा पशुपन्छी फार्म, कर्जन्हा, सिरहाका कविता महतो र शान्ति पशु तथा पोल्ट्री फार्म, क्षिरेश्वरनाथ नगरपालिका, दिगम्बरपुर, धनुषाका सतेन्द्र कुमार सिंह छनौट भएका छन् ।

विपतको पूर्व-तयारीमा जुटौं

भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, हावाहुरी, चट्याङजस्ता जोखिमबाट जोगिन:

- भवन तथा भौतिक संरचना निर्माण गर्दा भवन सम्बन्धी मापदण्ड पालना गरौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरौं,
- आपतकालीन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात आदि) सधैं तयार राखौं,
- विद्यालय, कार्यालय र समुदायमा विपत् व्यवस्थापन योजना बनाऔं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८